सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

# Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १५९ | वि.सं. २०७९ पुस २४ गते आइतबार | 08, 2023 Sunday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## प्रचण्ड र बाबुराम फेरि एउटै पार्टीमा



२३ पुस, काठमाडौं । नेकपा माओवादी केन्द्र र नेपाल समाजवादी पार्टी (नेसपा) बीच पार्टी एकताको तयारी भएको छ। पार्टी एकतापछि पुष्पकमल दाहाल प्रचण्ड र डा. बाबुराम भट्टराई ७ वर्षपछि फेरि एउटै पार्टीमा हुने छन् ।

भट्टराईले २०७२ सालको ९ असोजमा माओवादी परित्यागको घोषणा गरेका थिए । आफ्नै नेतृत्वमा नयाँ शक्ति पार्टी बनाएका भट्टराई पछिल्लो समय नेपाल समाजवादी पार्टी (नेसपा) को अध्यक्ष छन्। नेसपाले ४ मंसिरको प्रतिनिधिसभा चुनाव माओवादी केन्द्रकै चुनाव चिह्नबाट लडेको थियो । त्यसबेलामा भएको सहमतिअनुसार नै पार्टी एकता प्रक्रिया अघि बढाउन लागिएको नेताहरुले बताएका छन् ।

शनिबार प्रधानमन्त्री समेत रहेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र नेसपाका अध्यक्ष भट्टराईबीच बालुवाटारमा भेट भएको थियो। त्यो भेटमा दुई पार्टीको एकता छिटो टुंग्याउने र समाजवादी कार्यक्रम मान्ने पार्टीहरु सहकार्य गर्न लुज फोरम बनाउने सहमति भएको छ ।

यो भेटलगत्तै बसेको माओवादी केन्द्रीय कार्यालयको बैठकले बृहत वाम एकताको पहलका लागि भन्दै उपाध्यक्ष कृष्णबहादुर महराको नेतृत्वमा वार्ता टोली बनाएको छ

***बाँकी तेश्रो पृष्ठमा***

## वीरगंज महानगर र बिन्दबासिनी गापाले बढायो विद्यालय बिदाको अवधी ।




वीरगंज । अत्यधिक चिसो बढेसँगै वीरगञ्ज महानगरपालिका र बिन्दबासिनी गाउँपालिकाले विद्यालय विदाको अवधी लम्ब्याएको छ ।

यसअघि महानगरपालिकाले १९ गते एक सूचना जारी गर्दै पुष २२ गतेसम्म विद्यालय बन्द हुने जानकारी दिएपनि चिसो झनझन बढ्दै गएपछि महानगरले विदाको अवधी थप गरेको हो ।

शनिवार महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले एक सूचना सार्वजनिक गर्दै विदाको अवधी पुष २६ गतेसम्म थपिएको जानकारी गराएको छ । योसँगै अब यहाँका सामुदायिक एवम् संस्थागत विद्यालयहरु पुष २६ गतेसम्म बन्द हुने महानगरका शैक्षिक प्रशासन महाशाखा प्रमुख अर्विन्दलाल कर्णले जानकारी दिए ।

यस्तै बिन्दबासिनी गाउँपालिकाले विदाको अवधि थप गरी १०/१ गते आइतवार सम्म विद्यालय बन्द रहने र १०/२ गते सोमबार देखि

***बाँकी तेश्रो पृष्ठमा***

## पोखरिया नेपाल रेडक्रस सोसाइटी पोखरियाको ३३ औँ साधारण सभा संपन्न




वीरगंज । पोखरिया नेपाल रेडक्रस सोसाइटी उपसाखा पोखरियाले आज एक कार्यक्रमका बीच ३३औँ उपसाखाको साधारण सभा संपन्न गरेको छ।

उप शाखा पोखरियाको साधारण सभाको सभापतित्तव भगवान प्रसाद कुर्मीद्वारा भएको थियो ।कार्यक्रममा प्रमुख अतिथिका रुपमा शैलेंद्र प्रसाद चौरसिया ,पोखरिया नगरपालिकाका नगर प्रमुख प्रद्युमन प्रसाद चौहान, उप सखाका उप सभापति राजेश्वर प्रसाद रौनियार, सचिव विनोद गिरी तथा सदस्यहरु, वडा अध्यक्ष लक्ष्मण साह कानू, बुद्धिजीबी समाज सेवी, गोवर्धन यादव, राजकिशोर प्रसाद कुर्मी, राधा बैठा पन्नालाल पटेल, पत्रकार, शस्त्र प्रहरी सुरक्षा बेस क्याप पोखरियाका प्रहरी निरीक्षक हरी कृष्ण खड़का, इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक आयुष जोशी लगायतको सहभागिता रहेको थियो ।त्यसैगरि कार्यक्रमको आर्थिक प्रतिवेदन उप शाखाका सचिव विनोद गिरीले पेश गरेका थिए । त्यसैगरि आजको कार्यक्रमको प्रमुख अतिथि शैलेंद्र चौरसिया र नगर प्रमुख प्रद्युमन चौहानले कपड़ा बैंकको उद्घाटन समेत गरे छन् ।

## कमिशनको खेल र इन्जिनियरको लापरवाहीले लियो एक मजदुरको ज्यान ।

कृष्णा कुशवाहा

वीरगन्ज । कमसल सामग्री र गुणस्तरहीन सिमेन्टको प्रयोग गरी पर्साको बहुदरमाई नगरपालिका वडा नं–४ नीर्माणधिन रहेको छठ घाटको भ्याङ भत्किँदा च्यापिएर एक जना मदजुरको मृत्यु भएको छ भने दुई जना गम्भीर घाइते भएका छन् ।

कमिशनको खेलमा उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिका अध्यक्ष धुरेन्द्र प्रसाद यादवले आ` नै ठेकेदार भाई जितेन्द्र प्रसाद यादवको मौखित सम्झौता गरी काम गर्न लगाएका थिए ।



आफूलाई बढी फाइदाको लोभमा परी उपभोक्ता समितिका अध्यक्ष यादव र उनका भाई ठेकेदार यादवले मिली कमसल सामग्रीको प्रयोग गरी निर्माण गर्न लगाइएको निर्माणाधिन छठ घाटको भर्याङ भत्किँदा एक जनाको मृत्यु भएको थियो भने दुई जनाको अवस्था चिन्ताजनक रहेको स्थानियहरुले बताएका छन् ।कुल रकमको ४० प्रतिशत कर्मचारी र ६० प्रतिशतमा कामकाज गर्ने मौखित सम्झौता गरी यादवले कमसल सामग्री र गुणस्तरहीन सिमेन्टको प्रयोग गरी हतार हतारमा काम काज गराइरहेका थिए ।

यो घटना घट्नुमा प्राबिधिक टोलीका संयोजक सामाजिक बिकाश इकाई विरगंजको इन्जिनियर आकाश साहको मिलोमतोमा कमसल सामग्री प्रयोग गरी निर्माण भइरहेको स्थानियहरुले आरोप लगाएका छन् । कमसल सामग्रीको प्रयोग गरी छिटो काम सिध्याउन लुकी छिपी हतार हतार कामकाज गराइरहेका साथै मजदुरको मृत्युको सम्पूर्ण जिम्मेवार उपभोक्ता समितिका अध्यक्ष , उनका भाई ठेकेदार र प्राविधिकको टोलीले लिनुपर्ने र निष्पक्ष रुपमा प्रहरीले छानविन गरी दोषी ऊपर कारवाही गर्न उक्त वडाका वडा अध्यक्ष सुरेन्द्र यादवले बताए ।

कमसल निर्माण सामग्रीको प्रयोग गरी गुणस्तरहीन काम गरेका कारण निर्माण सम्पन्न नहुँदै उक्त भर्याङ भत्किएको स्थानीयवासीले बताएका छन् । ठेकेदार कम्पनीले छठ घाटको भर्याङ निर्माणमा नदीको बालुवा प्रयोग गरी निर्माण गरिएको स्थानियहरुले बताएका छन् ।

भर्याङ निर्माणमा कमसल सामग्रीको प्रयोग हुँदा पनि सामाजिक बिकास इकाई बिरगंजले कुनै चासो नदेखाएको स्थानीयवासीको गुनासो छ । "समयमा राम्रोसँग प्राविधिक जाँच भएको भए यस्तो घटना हुने वाला थिएनन् स्थानिय बासीहरुले बताएका छन् ।

स्थानीय एक साहले प्रभावकारी अनुगमनको अभाावमा छठ घाटको भर्याङ निर्माणमा निर्माण कम्पनीले कमसल सामग्री प्रयोग गरी मापदण्ड विपरीत भर्याङ निर्माण गरिरहेको गुनासो पोखे । ...एक नम्बर ईट्टाको साटो निर्माण कम्पनीले २ नम्बर र एक भाग सिमेन्टमा ६ भाग बालुवा

***बाँकी तेश्रो पृष्ठमा***

## पर्सामा मोटरसाइकल चोर्दाचोर्दै एकजना पक्राउ परेका छन् ।

शुक्रबार राति वीरगञ्जमा प्रहरीले बाराको कोल्हवी नगरपालिका ७ का २० वर्षीय भुवन चौधरीलाई मोटरसाइकल चोर्दा चोर्दै पक्राउ गरेको हो ।

रौतहट वृन्दावन नगरपालिका १ घर भई वीरगन्ज महानगरपालिका १२ बस्ने अजय कुमार यादवको प्रदेश २-०३-०१२ प २६३८ नम्बरको मोटरसाइकल सडकमा पार्किङ गरी राखिएको अवस्थाबाट लक तोडेर डोऱ्याएर लैजाँदै गर्दा चौधरी पक्राउ परेका हुन् । चौधरीबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपक गिरीले जानकारी दिए ।



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# नेतालाई सुरक्षा खतरा केबाट ?

**सफल घिमिरे**

विशिष्ट व्यक्तिका लागि नियमविपरीत खटाइएका सुरक्षाकर्मी फिर्ता ल्याउन गृह मन्त्रालयले परिपत्र जारी गरेको छ । सिंहगर्जनसहित घोषणा गरिने तर कार्यान्वयनका बेला पुच्छर लुकाउने गरिएका यस्ता निर्णय हुनु गृह मन्त्रालयको इतिहासमा नौलो होइन । नौलो के हो भने, उदीयमान बनेर नेपाली राजनीतिको दैलो ढकढक्याउन आएको राष्ट्रिय स्वतन्त्र पार्टीले सम्हालेको मन्त्रालयको यो सुरुआती कदम हो ।

पूर्णपालना भए यसले प्रहरी संसाधन र जनताको करको विवेकी उपयोग गराउँछ । त्यसैले अहिलेका गृहमन्त्रीलाई शंकाको सुविधाचाहिँ दिन सकिन्छ ।

यद्यपि, खटिएका सुरक्षाकर्मीको संख्याभन्दा बढी बहस हुनुपर्ने विषय हो- विशिष्ट व्यक्तिको सुरक्षासम्बन्धी कार्यविधिमै गरिनुपर्ने सुधार । कार्यविधि पालना गराउनु अल्पकालीन समाधान हो, कार्यविधि नै अद्यावधिक गर्नु दीर्घकालीन । त्यसका लागि भीआईपीलाई हुने सुरक्षा खतरा बुझ्ने र तीसँग जुध्ने तौरतरिका महत्त्वपूर्ण हुन्छ ।

अहिले नवीन सुरक्षा चुनौती यत्रतत्र छन् । अगलबगल सुरक्षाकर्मी राखेर, साइरन बजाउँदै सडक खाली गराएर र घरदेखि मञ्चसम्म बन्दुकधारी उभ्याएर भीआईपी जोगाउँछु भन्नु भ्रम हो । हामीकहाँ असुरक्षा भन्नाले मानिसबाट हुने खतरालाई धेरै बुझिन्छ । तर भीआईपीलाई असुरक्षा तिनको कार्यालयको बनोट, बिजुली, प्रकोप वा स्वास्थ्य चुनौती जेबाट पनि हुन सक्छ । अहिले भौतिक आक्रमण गर्न भौतिक रूपमा नजिकिनै पर्दैन ।

संसारमा राजनीतिक व्यक्तित्वमाथिका पछिल्ला आक्रमणमा रेडियोधर्मी पदार्थ र रिमोट-नियन्त्रित हतियारहरू प्रयोग भएका छन् । अहिले चल्दाचल्दैको कारनजिक पुगेर सिस्टम ह्याक गरी दुर्घटना गराइदिन सकिन्छ । मुटुको चाल नियन्त्रण गर्ने केही पुराना मोडलका पेसमेकरलाई चुम्बकीय प्रविधिले दस मिटर वरैबाट निष्क्रिय पार्न सकिने बताइन्छ । यसर्थ सुरक्षाकर्मीको संख्याभन्दा लक्षित व्यक्तिको व्यक्तिगत वा स्वास्थ्य सम्बन्धी सूचनाको गोपनीयता बरु बढी महत्त्वपूर्ण हो ।

अब कुरा गरौं भीष्म तयारी नचाहिने जुत्ता-प्रहारहरूको । नेपालका प्रचण्डदेखि अमेरिकाका जर्ज डब्ल्यू बुससम्मले जुत्ता-प्रहार खेपे । प्रचण्ड र झलनाथ खनाल दुवैलाई झापड हानियो । सुशील कोइरालाले चाहिँ चौकोसको आक्रमण बेहोरे ।

आंशिक रूपमा यो अपर्याप्त दण्डव्यवस्थाको परिणति हो । फौजदारी कानुन बलियो भएका मुलुकमा जुत्ता-प्रहार गर्दा मात्रै पनि हत्या-प्रयासको मुद्दा चल्न सक्छ ।

चुच्चो बनोट भएको जुत्ता ( जस्तै, महिलाको कक्सुज) ले टाउकाको निश्चित भागमा लागे ज्यानै जान सक्छ । आंशिक कारणचाहिँ जनताका चरम आक्रोश सम्बोधन गर्न नसक्ने नेता र फरक विचार राख्ने व्यक्तिलाई स्विकार्न नसक्ने असहिष्णु प्रवृत्ति हो ।

यी जटिल समस्या नेता-जनता दुवैको लोकतान्त्रिक व्यवहारबाट मात्रै हल हुन सक्छन्, सुरक्षाकर्मी बढाएर किमार्थ सकिँदैन ।

भीआईपी सुरक्षाको उद्देश्य तिनको प्राणरक्षा मात्रै होइन । विवादित नेतामाथि हुने आक्रमणका कारण प्रतिक्रियात्मक हूलदंगा मच्चिन सक्छ । कहिलेकाहीं साम्प्रदायिक सद्भाव खलबलिन्छ ।

एउटा कुशल राजनीतिकर्मी गुम्दा देशको उन्नतिमै असर पर्छ । यिनै राजनीतिक र आर्थिक क्षति रोक्न पनि भीआईपीलाई केही तहको सुरक्षा चाहिन्छ । कार्यसम्पादनका सिलसिलामा गृहमन्त्री, अर्थमन्त्री र प्रमुख न्यायाधीशले जोखिमपूर्ण निर्णयहरू लिनुपर्ने हुन्छ । त्यसैले पदावधि सकिएको निश्चित अवधिसम्म (जस्तै, एक-दुई वर्ष) राज्यले विशेष सुरक्षा दिनु जायज हो । त्यसपछि त बाँकी नागरिकले जस्तो सुरक्षा सुविधा पाउँछन्, तिनैमा सीमित हुनुपर्ने हो । जस्तै, दसवर्षे माओवादी युद्ध सकिएकै चौध वर्ष भइसक्यो ।

प्रचण्डलाई यो पालि प्रधानमन्त्री बन्नुअघिसम्म दिइएको सुरक्षा सुविधा त्यही युद्धको नेतृत्व गरेबापत आइपर्न सक्ने खतरामा आधारित थियो । आफैँलाई जीवनभर सुरक्षा चुनौती हुने गरेर युद्ध छेड्नु उनले लिएको व्यक्तिगत जोखिम थियो ।

उनको सुरक्षामा तीन पुस्ता नेपालीको कर खर्च हुनु जनताको पसिनाको अपमान र अपव्यय हो । तस्करी र गम्भीर अपराधको भुङ्ग्रो बनेका कतिपय सीमावर्ती जिल्लामा प्रहरीको खटन दरबन्दीभन्दा २५ प्रतिशतले कम छ । तर केही भूपू मन्त्रीले आफ्नै सुरक्षार्थ दसौं प्रहरी राखेका छन् । नैतिकता योभन्दा रसातलमा जाने ठाउँ सायदै कहीं छ ।

उन्नत राष्ट्रहरूमा भीआईपीलाई सबै खाले गतिविधिमा सुरक्षा दिइँदैन । जस्तै, अस्ट्रेलियामा सांसद र पूर्वप्रधानमन्त्रीका कार्यालयलाई विशेष सुरक्षा सुविधा दिइन्छ । धेरैजसोमा सुरक्षाकर्मी सशरीर उपस्थित हुँदैनन् ।

निवासमा भौतिक सुरक्षाको व्यवस्था भए त्यो राजनीतिक हिंसाविरुद्ध मात्रै हुन्छ । व्यक्तिगत अपराध वा चोरीडकैतीबाट घर सुरक्षित राख्ने वा नभए प्रहरीको सहयोग माग्ने जिम्मा भीआईपीको आफ्नै हुन्छ ।

कार्यालयमा चाहिँ नियमित निगरानी हुने र आवश्यक परे प्रहरी तत्कालै खटिने व्यवस्था छ । त्यसका लागि प्रहरी कार्यालयसँग जोडिएका सीसीटीभी र आपत्कालीन बटन हुन्छन् । यति हुँदाहुँदै भीआईपीका अघि गरिने शान्तिपूर्ण प्रदर्शनमा चाहिँ प्रहरी हस्तक्षेप हुँदैन । सार्वजनिक नीतिको नेतृत्व गर्ने नेताले त्यतिचाहिँ खप्ने ल्याकत राख्नुपर्छ ।

खतरा मूल्याङ्कन विधिको प्रभावकारिता अर्को पक्ष हो । सुरक्षा खतरा भनेको कसैलाई शारीरिक, मानसिक, राजनीतिक अथवा आर्थिक क्षति पुऱ्याउने अभिप्राय वा सम्भावना हो । यस्तो खतरा दुई खाले हुन्छ- लक्षित व्यक्तिलाई जुनसुकै समयमा आइपर्न सक्ने अथवा निर्धारित स्थान, गतिविधि वा रुटमा मात्र आउने ।

यसलाई खुट्याउन स्थानीय अपराधको दर तथा प्रवृत्ति र प्रत्यक्ष तथा कल्पित खतरा (डिरेक्ट एन्ड पर्सिभ्ड थ्रेट) को विश्लेषण गर्नुपर्ने हुन्छ । तर त्योभन्दा महत्त्वपूर्ण कुरा हो- आक्रमणकारीको क्षमता, अभिप्राय र अवसर (क्यापाबिलिटी, इन्टेन्ट एन्ड अपर्च्युनिटी) को विश्लेषण । यी तीनै तत्त्व बलिया हुँदा खतरा उच्च रहन्छ ।

मूल्याङ्कन विधि अद्यावधिक भए मात्रै सम्भाव्य, सन्निकट र तत्कालीन खतराहरू (पटेन्सल, इमिनेन्ट एन्ड इमिडियट थ्रेट्स) को पहिचान चुस्त हुन्छ । सबै सुरक्षा खतरा वास्तविक खतरामा परिणत हुँदैनन् ।

जोगाउनुपर्ने मानिस जति-जति खतरासँग नजिकिन्छ, सम्भाव्य खतरा वास्तविक खतरामा परिणत हुने जोखिम उति नै बढ्छ । हामीकहाँ भीआईपीले रवाफका लागि आवश्यकभन्दा धेरै कार्यक्रममा पानस बाल्ने र रिबन काट्ने चलन छ । यो प्रवृत्ति घटाउँदा मात्रै पनि धेरै खर्च र जोखिम टार्न सकिन्छ ।

नेताहरूले सार्वजनिक भेटघाट कार्यालयमा नगरी निजी निवासमा गरिदिँदा दोहोरो सुरक्षा व्यवस्था गर्नुपर्छ । कार्यालयका अतिरिक्त निजी निवासको जोखिम मूल्याङ्कन, आपत्कालीन विकल्पका योजना र पहराले झन्झट र खर्च उस्तै बढाउँछन् ।

यो जटिल समस्या

बाँकी तेश्रो पृष्ठमा

# उतारचढावका १६ वर्ष

**झलक सुवेदी**

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड तेस्रो पटक सरकारको नेतृत्वमा पुगेका छन् । यस पटकको प्रधानमन्त्रित्व ओरालो लाग्दै गरेको व्यक्तित्व, पार्टीको कमजोर हुँदै गएको प्रभाव र ७० को नेटो कट्ने उमेरको छेकोमा उनलाई हात लागेको छ ।

गठबन्धन सरकार बनाउनुपर्ने बाध्यता निर्वाचन प्रणालीले हाम्रो राजनीतिमा थोपरेको नियति हो । २०७४ देखि नै राजनीतिक दलहरूले निर्वाचनपूर्वका गठबन्धनको अभ्यास गर्न थालेका थिए ।

सोलोडोलो रूपमा विश्वराजनीतिमा देखिने वामपन्थी र दक्षिणपन्थी या मध्यपन्थी राजनीतिक धारले प्रस्ट खाका नलिएको नेपाली राजनीति दलहरूका छिर्केमिर्के गठबन्धन र यताउता सरिरहने सत्ताको चञ्चल चरित्रको दबाबमा छ । यसपालि पनि निर्वाचनभन्दा पहिले भएका गठबन्धनहरू निर्वाचनपछि भत्किनाले प्रचण्डलाई सरकारको नेतृत्व गर्ने अवसर प्राप्त भएको हो ।

यसअघि उनले एमाले अध्यक्ष केपी ओलीका तर्फबाट दुई पटक धोका पाएका थिए । २०७३ असारमा ओलीले पालोमा दिन अस्वीकार गरेको प्रधानमन्त्री पद प्रचण्डले कांग्रेससँग गठबन्धन गरेर हात पारेका थिए । २०७७ को आधाआधीबाट प्रधानमन्त्री हुन पाउने गरी प्रचण्ड र ओलीबीच भएको सहमति, ओलीले मरिहत्ते गरेपछि, प्रचण्डले छाडेका थिए ।

तर ओलीले संसदीय राजनीतिका सामान्य मूल्यविपरीत संसदीय दलको बहुमत आफ्नो विपक्षमा हुनासाथ संसद् विघटन गरेपछि ओली र प्रचण्डको सहकार्य टुटेको थियो ।

अहिले भने चुनावपछिको सरकारको नेतृत्व प्रचण्डलाई दिन निर्वाचन हुनुअघि र पछि पनि शेरबहादुर देउवाले गरेको सहमति एकपक्षीय रूपमा तोडेपछि अन्तिम समयमा प्रचण्डले ओलीसँग हात मिलाए र प्रधानमन्त्री भए ।

भिन्न स्वार्थ र प्रस्ट कार्यसूची नभएका ससाना दलहरू र संसदको दोस्रो ठूलो दल बनेको एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डसँग के होला त देशलाई दिन सक्ने ? उनले आफ्नो पूर्वनिर्धारित साढे दुई वर्षको कार्यकालमा आम नागरिकले अनुभूति गर्न सक्ने के नयाँ कुरा देलान् ? यी प्रश्न अहिले आमवृत्तमा उठिरहेका छन् । तर यी आला प्रश्नहरूलाई छाडेर यहाँ प्रचण्डको राजनीतिक योगदान र उतार-चढावका १६ वर्षबारे सामान्य समीक्षाको प्रयास गरिनेछ ।

प्रचण्ड नेपाली राजनीतिको पछिल्लो गतिका मुख्य चालकशक्ति हुन् । २०४७ को संविधानले गरेको राजनीतिक व्यवस्थाविरुद्ध हतियारबद्ध आन्दोलन उठाएर उनको उदय भएको हो । उनले नेपाली राजनीतिमा ९० वर्षपहिलेदेखि चलेको सामन्तवादविरुद्धको संघर्षका बाँकी गाँठाहरू छिनालेर नेपालमा गणतन्त्र, संघीयता, समावेशी समानुपातिक प्रतिनिधित्वजस्ता नयाँ कार्यसूची स्थापित र संस्थागत गरे ।

खास गरी राजतन्त्रसँग नेपाली जनताको संघर्षलाई निर्णायक मोड दिने श्रेय इतिहासले प्रचण्डलाई नै दिनेछ ।

यी कामका आधार प्रचण्ड नेतृत्वको सशस्त्र विद्रोहले तयार पारेको थियो । संसदीय दलहरू र माओवादीबीच २०६२ मंसिरमा भएको सहकार्यको सहमतिले गर्दा देशमा एउटा क्रान्तिज्वरोको अवस्था उत्पन्न भयो ।

दलहरू राजाबाट हुने धोकाधडीबाट मुक्ति चाहन्थे, माओवादी गाउँबाट उठेको क्रान्तिको सीमा विस्तार गर्न चाहन्थ्यो, नागरिकहरू पुराना दलहरूको नेतृत्व र अविकासबाट पनि मुक्ति चाहन्थे अनि स्वयं माओवादीको सशस्त्र विद्रोहका कारण उत्पन्न हिंसाको कहालीलाग्दो वातावरणबाट उन्मुक्त भई पनि शान्तिको सास फेर्न चाहन्थे ।

यी तीनै पक्षका स्वार्थहरूबीच भएको एकताले इतिहासलाई एउटा धक्का दियो । जनआन्दोलनको सफलतापछि पहिलो पटक खुला राजनीतिमा आउँदा प्रचण्डमा आफ्ना कार्यसूचीलाई व्यवहारमा बदल्ने नैतिक बल, इच्छाशक्ति र जनअपेक्षा सबै थियो । एउटा क्रान्तिकारी नायकका रूपमा उनलाई काठमाडौं आउने मौका मिलेको थियो ।

उनको आगमनले दुइटा प्रतिक्रिया उत्पन्न गरेको टड्कारो अनुभव गर्न सकिन्थ्यो । आम नागरिक र खास गरी श्रमजीवी वर्गमा राज्यको चरित्र आफ्नो हितको प्रतिनिधित्व हुने गरी बदलिएला भन्ने आशा जागेको थियो । उनीहरू एक पटक माओवादीलाई परीक्षण गर्ने चाहनामा थिए । अर्कातिर काठमाडौंको सत्तासीन सम्भ्रान्त वर्ग माओवादीलाई निस्तेज गर्न चाहन्थ्यो र यसलाई दरबारियाहरू, सैन्य नेतृत्व, उच्च प्रशासक, घरानिया सम्पत्तिशाली वर्ग, ठूलो जमिनका मालिक र ठूला पुँजीपति वर्गको साथ थियो ।

उता तेस्रो पक्ष थियो खास गरी भारत र पश्चिमाहरूको, जसलाई माओवादी सत्तामा नआओस् र आए पनि लडाकुहरू निःशस्त्र बनाएर र क्रान्तिकारी कार्यसूचीहरू थन्क्याएर अरू दलको सहयोगी बनोस् भन्ने चाह थियो । यी दुवै पक्षसँग माओवादीको घर्षण भयो । संविधानसभाको पहिलो निर्वाचनसम्म सहर र गाउँका गरिब

बाँकी तेश्रो पृष्ठमा

# त्रिशंकु संसद्

**श्यामप्रसाद मैनाली**

देशलाई समृद्धिको दिशातर्फ अभिमुख गराउन यी पुराना वृद्ध नेताहरूले विवेकपूर्ण निर्णय लिनु नै बुद्धिमानी हुनेछ। संघीय प्रतिनिधिसभा र प्रदेशसभाका लागि भएको आमनिर्वाचन सम्पन्न भएको छ।

निर्वाचनको परिणामपश्चात धेरै प्रकारका चर्चा र विश्लेषण हुन थालेका छन्। पुरानै दल र नेताहरूलाई मतदान गर्दै फरक प्रकृतिको नतिजाको अपेक्षा गर्ने सचेत मतदाता देखिएका छन्। निर्वाचन परिणाम अपेक्षित नै रहेको विश्लेषण गर्न सकिन्छ। दलीय राजनीतिक प्रणालीमा दलहरूकै बीचमा प्रतिस्पर्धा हुन्छ।

देश भइरहेको दलीय संगठन र सञ्जालका कारण दलहरूलाई जनतासमक्ष प्रस्तुत हुन सहज हुन्छ। राजनीतिक आस्थाका आधारमा प्रतिबद्ध मतदाताको संख्यासमेत बहुदलीय लोकतान्त्रिक व्यवस्थामा प्रशस्त हुने गर्छ। व्यक्तिगत र समूहगत स्वार्थका कारण प्रभावशाली दलका अनुयायीहरू हुने गर्छन्। प्रत्येक निर्वाचनमा यी समूहहरू चलायमान हुने गर्छन्। यस्ता स्वार्थलोलुप झुन्डहरूले सरकारलाई प्रभावमा राख्छन्। आफ्नो स्वार्थ अनुकूलका नीति तथा कार्यक्रम तय गर्न कामयावी हुन्छन्।

यी मतदाताका कारण सर्वसाधारण जनतामा राम्रो प्रभाव पर्न नसकेका दलहरूको उल्लेख्य संख्या भने मत प्राप्त गर्न सफल छन्। संवैधानिक व्यवस्थाका कारणसमेत कस्ता प्रकारका प्रतिनिधि संसद्मा पुग्ने हुन् ?

सो बारेमा स्पष्ट हुन सकिन्छ। बहुदलीय संसदीय राजनीति सञ्चालन भइआएको नेपालमा प्रायः यही अवस्थाबाट राजनीति अघि बढिरहेको छ। हालको संसदीय निर्वाचनले पुरानै दल र नेताहरूको राजनीतिमा वर्चस्व कायम गरिदिएको छ। यस अवस्थामा निर्वाचनको परिणाम अपेक्षित नै मान्नुपर्छ। तर २०७४ सालको निर्वाचनसँग तुलना गर्दा केही विशिष्टताहरू यस वर्षको निर्वाचन परिणामले देखाएको छ।

दलीय उपस्थिति हेर्दा संघीय संसद् अत्यन्त कमजोर बन्ने देखिन्छ। एजेन्डा र घोषणापत्रभन्दा सरकार गठन गर्ने र विघटन गर्ने आधार प्रायः गणितीय हिसाब मात्र बनेको छ। पुराना राजनीतिक दलहरू अस्तित्वमा रहे पनि जनताको आकर्षण परिवर्तनको पक्षमा देखियो।

संसद्मा कुनै पनि दलको सबल उपस्थिति देखिएन। सरकार गठनका लागि अत्यन्त थोरै संख्यामा संसद्मा रहेका दलहरू र स्वतन्त्र उम्मेदवारहरूको सौदाबाजी गर्ने क्षमता अत्यन्त बढी देखिएको छ। संख्यात्मक हिसाबले पहिलो र दोस्रो देखिएका राजनीतिक दलहरू नेपाली कांग्रेस र एमाले अन्य सांसदहरू सामुन्ने सरकार गठनका लागि अनुनय विनयमात्र होइन, ठूलो मात्रामा शक्ति प्रदान गरेर रोइलो गर्नुपर्ने अवस्था छ।

ठूला दुई दलबीच सामान्य मतको अन्तर छ। तेस्रो भएको माओवादी केन्द्र अत्यन्त थोरै स्थानमा विजयी भएर संसद्मा झिनो उपस्थिति दिन पुगेको छ।

कांग्रेसका कार्यकर्ताहरूको आंशिक संख्यामा माओवादी केन्द्र र प्रायः धेरै मतदाताले माधवको दललाई मतदान गरेर राष्ट्रिय दल बन्न नसके पनि राजनीति बचाइदिएका छन्।

यो अवस्थाको आत्ममूल्यांकन दुवैले गर्नुपर्छ। इमान्दारिताका साथ आफ्नो हैसियतको आकलन गर्दा नेकासँगको गठबन्धन नेपालका लागि अत्यन्त ज्यादा र माओवादी केन्द्रका लागि आंशिक फलिफाप बनेको छ। गठबन्धन गर्दाको अवस्थामा अब बन्ने सरकारको नेतृत्व गठबन्धनबाटै हुने गठबन्धनकै सरकार बन्ने समझदारी बनेकै थियो। नेपालको राजनीतिले मूल्य मान्यतालाई विस्मरण गर्दै आएको अवस्था छ।

अहिले नेपालको लोकतन्त्र राजनीतिप्रति चासो राख्नेबीच चिन्ताको विषय बनेको छ। लोकतन्त्रको हदैसम्म बदनाम गराउन राजनीतिक दलबीच तीव्र प्रतिस्पर्धा चलेको छ। दलप्रति अनास्था फैलाउने कार्यमा दलकै नेताहरू अभ्यस्त छन्। समूहगत स्वार्थलाई मात्र प्राथमिकतामा राखिएको छ। बीपी कोइरालाले भनेका थिए, कम्युनिस्ट र लोकतन्त्र नदीका दुई किनारा हुन् जसको कहिले पनि मिलन सम्भव हुँदैन।

दुवैको गन्तव्य बिल्कुल पृथक् छ। यिनै दलबीच २०४६ सालबाट सामूहिक उद्देश्य प्राप्तिमा सहकार्यको प्रारम्भ भयो। राजनीतिक दलहरूको सिद्धान्तबाट विचलित हुने प्रारम्भबिन्दु यही बन्न पुग्यो। पटकपटक सत्तामा पुगेका संसद्वादी कम्युनिस्ट र लोकतन्त्रवादीहरूले राष्ट्रिय स्रोतसाधनको दोहन व्यक्तिगत र समूहगत हितमा गर्दै गए।

पञ्चायतको विकल्पमा आएको लोकतान्त्रिक व्यवस्थाको अल्पअवधिमा बदनाम हुन पुग्यो। नेताहरूको मनोबल कमजोर हुँदै गयो, राजनीतिमा विदेशी हस्तक्षेप अत्यन्त बढी हुँदै गयो। १० वर्षे द्वन्द्वको आमन्त्रण गरी आफ्ना हजारौं कार्यकर्ताको जीवनलीला समाप्त पारियो।

सम्पत्ति लुट्ने, बस्तीबाट खेद्ने, आतंकित गरेर यसैको आधारमा जनताको अभिमत पक्षमा पार्न सकिन्छ भन्ने दिवास्वप्न पालेको राजनीतिक शक्तिसँग गठबन्धन गरेर नेकाले आफ्नो राजनीतिक सिद्धान्त र आदर्शको विसर्जन गरेको छ।

कम्युनिस्टहरू लोकतान्त्रिक शक्तिलाई कमजोर बनाउँदै छन्। ३० वर्षसम्म निरंकुश पञ्चायती व्यवस्थाका पृष्ठपोषकसँग अर्को साम्यवादी आवरणमा राजनीति गरेको दलले गठबन्धन गरेको छ। एमालेका कार्यकर्तालाई हलोको प्रचारमा लगाउँदा गौरव मान्ने नेतृत्व छ।

लोकतन्त्रप्रति समर्पित कार्यकर्ताहरूलाई हतोडामा मत नदिँदा

बाँकी तेश्रो पृष्ठमा

## त्रिशंकु...

कारबाहीको भागीदार बनाउने लोकतान्त्रिक दल कांग्रेस बनेको छ। चुनावी तालमेलबाट प्रारम्भ भएको यो खेल गठबन्धनमा अवतरण गरिराखेको छ। कम्युनिस्टहरूलाई लोकतन्त्रवादी मान्नुपर्ने र लोकतन्त्रवादीको साम्यवादी आवरणमा पहिचान पाइने स्थिति छ। सबै प्रकारका हतकण्डाको प्रयोग गरेर सत्तामा पुग्ने तत्पश्चात दलगत र समूहगत स्वार्थमा लिप्त हुने संस्कार नेपालको राजनीतिले अंगीकार गरिआएको छ। जनताले सन्तति बलिवेदीमा चढाएर प्राप्त गरेको लोकतन्त्रको उपहास नेताहरूबाट भएको छ। यति ठूलो उपलब्धिको व्यवस्थापन गर्न वर्तमान समयका राजनीतिक पात्रहरू असफल बनेका छन्।

राजनीतिज्ञहरूले आफ्नो धरातल र यथार्थताको विस्मरण गरेपश्चात देशमा अधोगतिको प्रारम्भ हुन्छ। छिमेकी भारत ७ प्रतिशत आर्थिक वृद्धिदर कायम गर्दै सन् २०५० सम्म विश्वकै दोस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा अग्रसर छ। स्वतन्त्र भएकै दिनबाट दीर्घकालीन सोचका साथ नेतृत्वले राष्ट्रिय स्वाभिमान र समृद्धिलाई एकमात्र गन्तव्य बनायो। यसैको प्रतिफल प्राप्त गरिराखेको छ। चीन सबैभन्दा राम्रो अर्थतन्त्र भएको देश बन्ने प्रायः निश्चित छ।

हामीले कुनै कालखण्डमा खाद्यान्न सहयोग गरेको देश दक्षिण कोरियाको प्रतिव्यक्ति आय चार हजार डलरको हाराहारी छ। नेपाल १२ सय डलरमा सीमित छ। यी सबै हाम्रा नेतृत्व वर्गका लागि कुनै अर्थ लाग्ने सन्दर्भ भएनन्। अस्वस्थ राजनीतिमा अभ्यस्त छन्। यसबाट लोकतान्त्रिक शासन पद्धतिप्रति यसका पात्रका कारण वितृष्णा फैलिने अवस्था देखिँदैछ। नेपालको राजनीतिक नेतृत्वमा सैद्धान्तिक निष्ठा, दीर्घकालीन सोच र गतिशीलताको खडेरी परेकाले यो अवस्था सिर्जना भएको हो।

लोकतान्त्रिक संविधान र त्यसप्रतिको निष्ठा व्यवहारमा प्रस्फुटन हुँदामात्र देशमा लोकतन्त्रको अपेक्षित विकास हुन सक्छ। राजनीतिक स्थिरता यसका लागि अनिवार्य सर्त हो। फ्रान्समा असल संविधान दिन देगाल सफल भएकै कारण त्यहाँ राजनीतिक स्थिरता सम्भव भएको छ। नेपालमा वर्तमान संविधानले लोकतान्त्रिक विशेषतालाई पर्याप्त रूपमा समेटेकोमा सन्देह रहँदैन। तर, ठूला कमी, कमजोरी स्पष्ट देखिएका छन्। पहिलो हो मिश्रित निर्वाचन प्रणालीको अवलम्बन गरिरहँदा त्यसमा असल मनसायले राखिएको समानुपातिक निर्वाचन प्रणालीको व्यापक दुरुपयोग भएको छ। निर्वाचनको सामना गर्न नसक्ने आफन्त र स्रोतसाधन सम्पन्नहरूलाई अवसर दिने माध्यममात्र बन्दै आएको छ। यसले गर्दा यो प्रावधानको उपादेयतामा सन्देह हुन थालेको छ।

संविधानले यसको दुरुपयोग हुन नसक्ने गरी स्पष्ट आधार प्रदान गर्न सकेको भए यस प्रकारको विसंगतिको पराकाष्ठा हुने थिएन। यसले प्रायः सबैतिर राजनीतिक अस्थिरताको अवस्था सिर्जना गरेको छ। मिश्रित निर्वाचन प्रणालीबाट बन्ने सरकार भनेको मिलिजुली हो। यस्तो सरकार संस्कारयुक्त र राष्ट्रिय स्वार्थको सन्दर्भमा मतैक्यता जाहेर गर्न सक्ने र सबै दललाई एकै स्थानमा उभ्याउन सफल हुनुपर्छ। त्यो अवस्था पनि नेपालमा रहेन। निर्वाचनको दुरुपयोग अत्यन्त ज्यादा हुँदै आएको छ।

पहिलो हुने विजयी बन्ने आधारमा टिकट दिने परिपाटीले राजनीतिक आस्था, दल र लोकतन्त्रप्रति गरेको योगदानलाई विस्मरण गरेको छ। सिद्धान्तनिष्ठ नेता, कार्यकर्ताहरूलाई नवागन्तुकहरूले विस्थापित गर्नेक्रम बढिराखेको छ।

खर्चिलो निर्वाचनका कारण पाएको टिकट फिर्ता गर्ने इमानदार कार्यकर्ता देखिँदै छन्। नवधनाढ्यबाट दल नियन्त्रित हुने अवस्था छ। ठूला नेता र पुँजीपतिलाई राजनीतिमा अवसर दिने प्रयोजनमा यस प्रावधानको हदैसम्मको दुरुपयोग भएको छ।

वर्गीय दृष्टिले हेर्दा महिला, आदिवासी, विपन्न समूहका खस, अपांग, मधेसी दलित सबै वर्गहरूबाट त्यस समूह्ले अवसर पाएका छन्। यसको आधार वर्गीय हुँदा पुँजीपति वर्गको बोलवाला राजनीतिमा कम हुँदै जाने सन्त्रास सबैमा देखियो। प्रारम्भमा शासक वर्गमा वर्गीकृत खस र आर्यलाई समावेश गरिएन तर तुरुन्त यसको व्यवस्था गरियो। यो समूहका लागि ३१.२ सबैभन्दा बढी आरक्षित गरियो। समानुपातिक प्रणाली भनेकै पुँजीपतिहरूका लागि अधिपत्य कायम गराउने अवसरका रूपमा परिणत हुन पुग्यो। गरिब र कमजोर वर्गको उत्थानका लागि व्यवस्थित हुनुपर्ने यस प्रणालीले साम्यवादी सिद्धान्तलाई प्रश्रय दिनेमा सन्देह रहँदैन। तर, नेपालका साम्यवादी नै यस प्रकारको विकृति आमन्त्रण गर्न अग्रसर भए। यस अवस्थामा सिद्धान्तलाई सबै राजनीतिक दलहरूले तिलाञ्जली दिएका छन्। सिद्धान्तविहीन राजनीतिले लोकतन्त्रको भविष्य निर्धारण गर्न सक्दैन। लोकतन्त्रको भद्दामजाक उडाइएको छ। अवसरवादी नग्न व्यवसाय राजनीति बनेको छ।

देश र देशवासीका लागि केही गर्न नसक्ने तर सरकारमा बसिरहनु पर्ने मानसिकताका नेताहरू ठूला दल तीनवटै देखिएका छन्। उनीहरूलाई सरकारबाट बिमुख नगराई देश आर्थिक समृद्धि र राजनीतिक स्थिरताको मार्गतर्फ अग्रसर हुन सक्दैन। हालसम्म परीक्षण नभएका युवालाई एकपटक सरकारको नेतृत्वमा पुऱ्याउनुपर्ने अवस्था छ। देशमा सचेत नागरिकहरूको जनमत यसै दिशामा छ। तसर्थ राजनीतिक स्थिरता, लोकतन्त्रको संरक्षण र देशलाई समृद्धिको दिशातर्फ अभिमुख गराउन यी पुराना नेताहरूले विवेकपूर्ण निर्णय लिनु नै बुद्धिमानी हुनेछ।

हालसम्म परीक्षण नभएका युवालाई एकपटक सरकारको नेतृत्वमा पुऱ्याउनुपर्ने अवस्था छ। देशमा सचेत नागरिकहरूको जनमत यसै दिशामा छ। **साभार अन्नपूर्णपोष्ट्**

## उतारचढावका.....

वर्ग र निम्न मध्यम वर्गले माओवादीबाट ठूलो परिवर्तनको आशा राखे । यसबाहेक पनि महिला, जनजाति, मधेशी, दलित लगायतले आफ्ना अधिकारका लागि माओवादीलाई आशाका नजरले हेरे । माओवादीलाई २०६४ को निर्वाचनमा यसको पर्याप्त लाभ पनि प्राप्त भयो ।निर्वाचनपछि माओवादीलाई सरकारको नेतृत्व दिन आलटाल गरियो । काठमाडौंको शक्ति-सम्भ्रान्त वर्ग र यसका बाह्य सहयोगीहरू माओवादीलाई सरकारको नेतृत्व गर्न दिँदा उसले सत्ता कब्जा गर्ला भनेर आत्तिएका थिए ।

तल्लो वर्ग भने माओवादीले सुधार गर्ला भनेर आशावादी थियो । माओवादी स्वयं द्विविधामा थियो– सरकार र सडक दुवै मोर्चाबाट आफ्ना सशस्त्र लडाकुहरूको सहयोगमा सत्ता कब्जा गर्ने कि संविधान बनाई प्राप्त उपलब्धिमा टेकेर अघि बढ्ने ।

आफ्नै आन्तरिक संघर्ष र बाह्य दबाबको चेपुवामा परेका प्रचण्डले नौ महिना सरकार चलाउँदा पनि क्रान्तिकारी हस्तक्षेपको झल्को दिने गरी आर्थिक-सामाजिक सुधार गर्न सकेनन् । अन्तिममा उनलाई काठमाडौंको सत्तारूढ वर्ग र उसको बाह्य साझेदारको दबाबमा सत्ताबाट झारियो । यसमा उनी आफैं र उनको पार्टीको काँचो खेल पनि जिम्मेवार थियो । भारतको हस्तक्षेप यसमा निर्णायक थियो । त्यसयता अहिलेसम्म पनि भारत र प्रचण्ड एकअर्कालाई इन्गेज गर्ने तर विश्वास नगर्ने जटिल सम्बन्धमा छन् । अहिले पनि प्रचण्ड प्रधानमन्त्री नहोऊन् भनेर भारतले अन्तिमसम्म प्रयास गरेको थियो । भारतबाट पछिल्लो समय धोका पाएका एमाले अध्यक्ष ओलीको साथ पाएपछि मात्र प्रचण्ड प्रधानमन्त्री हुन सकेका हुन् ।

संविधानसभाको सबैभन्दा ठूलो दल बन्दा पनि क्रान्तिकारी सुधार गर्न नसकेपछि तल्लो वर्गले माओवादीको साथ छाड्यो । उपल्लो वर्ग माओवादीविरुद्ध नै थियो । मध्यम वर्गमा समेत माओवादीको भविष्यलाई लिएर अविश्वास बढ्दै गएका बेला यो पार्टीमा विभाजन आयो । दोस्रो निर्वाचनमा माओवादी नराम्ररी खुम्चिएर तेस्रो दल बन्न पुग्यो । संविधान बनाउने बेलासम्ममा माओवादीले आफ्ना मूल कार्यसूचीमा धेरै हदसम्म सम्झौता गरेको थियो । यद्यपि संघीयता, समावेशी समानुपातिक प्रतिनिधित्व, धर्मनिरपेक्षताजस्ता कार्यसूची संविधानमा सामेल भए । इतिहासले यहीँनिर माओवादीलाई धोका दियो । कार्यसूची माओवादीको भए पनि संविधान जारी गर्दा संसदीय गणितमा निर्णायक संख्यामा परम्परागत शक्तिहरू थिए । माओवादी यत्रो ठूलो परिवर्तनका लागि आधार तयार गरेर पनि त्यसको स्वामित्व दाबी गर्न नसक्ने अवस्थामा धकेलियो । योसँगै प्रचण्डका मुख्य सहयोगी मानिएका डा. बाबुराम भट्टराईले पनि पार्टी छाडेपछि जनयुद्ध र राजनीतिक संवैधानिक परिवर्तनको बौद्धिक अधिकार दाबी गर्ने हैसियतसमेत माओवादीले गुमायो ।

प्रचण्ड राजनीतिमा आफ्नो उपस्थिति कायम राख्न त सफल भए तर नेपाली समाज र राज्यव्यवस्थामा आएको यो उथलपुथलमा खेलेको भूमिकाका लागि उचित स्थान र सम्मान पाउन सकेनन् ।

उनलाई निषेध गर्ने शक्तिको वैचारिकी नै स्थापित भयो । एमालेले जनताको बहुदलीय जनवाद (जबज) को जित भनेर व्याख्या गर्दा र कांग्रेसले संसदीय लोकतन्त्रको आफ्नो विचार स्वीकार्य भएको भन्दै गर्दा माओवादीले आफ्ना कारण समावेश भएका कार्यसूचीको स्वामित्व दाबी गर्न र त्यसबापतको जस लिन पनि सकेन । यहीँनिर प्रचण्ड ठगिएका हुन् अनि अझै पनि माओवादी केन्द्र र जनयुद्धका अगुवाहरूले यसलाई समाजमा स्थापित गर्ने किसिमको वैचारिक हस्तक्षेप गर्न सकेका छैनन् । बौद्धिक बहसमा माओवादी उपस्थिति न्यून र झन्डै अनुपस्थित छ । पहिलेपहिले माओवादी कार्यसूचीका कारण उसलाई साथ सहयोग गर्ने नागरिक समाज र वामपन्थी खेमाको बौद्धिक तप्काले पनि साथ छाड्दै जाँदा माओवादी आन्दोलन आफैंमा टुहुरोजस्तो भएको छ । एक प्रकारको दुःखान्तजस्तो अवस्था देखिन्छ । दोस्रो पटक प्रधानमन्त्री हुँदा प्रचण्डसँग संघीयता कार्यान्वयनका लागि महत्त्वपूर्ण मानिएको स्थानीय चुनाव गराउने र संविधान निर्माणमा असहमति जनाएको मधेशी राजनीतिक शक्तिलाई संविधान कार्यान्वयनमा सहभागी गराउने जिम्मेवारी थियो । उनले त्यस बखत केही सुधारका प्रयास पनि गरेका थिए । तर त्यति बेलासम्म माओवादी र स्वयं प्रचण्डको जीवनशैली, काठमाडौंको उच्च वर्गसँगको उठबस र सम्झौता तथा परम्परागत राजनीतिक दलहरूसँगको लसपसका कारण उनीहरूका विषयमा पर्याप्त प्रश्न उठ्न थालेका थिए । प्रचण्डले स्थानीय तह निर्वाचनको पहिलो चरण पूरा गरी आफ्नो राजनीतिक कार्यभार राम्रोसँग सम्पन्न गरेर बिदा लिए ।

प्रधानमन्त्री बन्न एमालेको साथ पाइने हुँदाहुँदै पनि उनले देउवालाई सहमति अनुसार सत्ता हस्तान्तरण गरेर आफ्नो इमानदारी देखाए । २०७४ मा एमालेसँग मोर्चा बनाउँदा उनलाई शक्तिका लागि कहिले कांग्रेस त कहिले एमालेसँग सहकार्य गरेको आरोप लागे पनि माओवादीको शक्ति जोगाउन यो निर्णय महत्त्वपूर्ण साबित भयो । निर्वाचनपछि कांग्रेसले प्रधानमन्त्री हुन गरेको प्रस्ताव अस्वीकार गरेर फेरि पनि उनले आफूलाई इमानदार साबित गरेका थिए । जब एमालेसँग एकाता भयो र उनी अध्यक्ष ओलीका सहयोगीजस्तो भूमिकामा झारिए अनि उनले २०५७ पछि आफ्नो हातमा लिएको राजनीतिक कार्यसूची तय गर्ने हैसियत गुमाए । ओलीले निषेधको नीति लिँदा उत्पन्न तनावबीच नेकपा विभाजन भयो र प्रचण्डले फेरि कांग्रेससँग सहकार्यको बाटो रोजे ।

आफ्नो राजनीतिक करिअरमा आएका यी उतार-चढावबीच प्रचण्ड यसपालि फेरि प्रधानमन्त्री भएका छन् । यसपालि प्रधानमन्त्री नबनेका भए उनको राजनीतिक जीवन बिस्तारै असान्दर्भिक बन्ने खतरा थियो । उनको एउटै बलियो र स्थिर निर्वाचन क्षेत्र पनि छैन । माओवादीको मताधार कमजोर बन्दै गएको छ । फेरि शक्ति आर्जन गर्ने गरी कुनै विश्वसनीय राजनीतिक कार्यसूची पनि उसले अघि सार्न सकेको छैन । यस्तो समयमा प्रचण्डले प्रधानमन्त्री बनेर आफूलाई परीक्षण गर्न दिने जोखिम लिएका छन् । उनीसँग अब जेजति समय बाँकी छ, त्यसमा परिणाम देखिने गरी काम गर्नुको विकल्प छैन । जनतामा ६५ वर्षमाथिको नेतृत्वप्रति जेजस्तो निराशा छ, त्यसलाई गलत साबित गर्न जनताको दैनिक जीवनमा देखिने गरी परिवर्तन ल्याउन जरुरी छ । उनको नेतृत्वमा जेजस्तो विद्रोह भयो, जसरी नेपालीहरूले बलिदान गरे, त्यो केका लागि थियो भन्ने प्रश्नको जवाफ पनि उनले दिनु छ ।यसै गरी प्रचण्डले आफ्नो नेतृत्वमा कस्तो अर्थतन्त्र र समाज बनाउन चाहेका हुन् भन्ने प्रश्नको उत्तर पनि यसै पटक खोजिनेछ । त्यस्तो केही गरेर मात्र उनले इतिहासमा आफ्नो सान्दर्भिकता साबित गर्न सक्नेछन् । उनका समर्थक शुभचिन्तक र सहयोगीभन्दा विपक्षमा मत राख्ने असहयोगीहरू नै बढी छन् । चीनको सद्भाव त उनलाई रहला तर भारत र पश्चिमाहरूले मौका पाउँदा अप्ठेरो पार्नेछन् । यी सबै पक्षलाई सन्तुलनमा राख्दै डोरीमा टेकेर नदी पार गर्ने चुनौती उनलाई छ ।साभार : कान्तिपुर

## नेतालाई.....

समाधानको प्रवेशविन्दु भीआईपीको पुनर्परिभाषा तथा वर्गीकरण र राज्यले सुरक्षा दिने तिनका गतिविधिको सीमाङ्कन हो । सार्वजनिक स्थानमा हुने आक्रमणका धेरै अपराधी व्यक्तिगत कुण्ठा पालेका, आपराधिक पृष्ठभूमि भएका, लागूऔषध वा मानसिक समस्या भएका तथा पारिवारिक जीवनमा ऋण वा कलहजस्ता तनाव भएका देखिएका छन् । सम्भावित आक्रमणकारीहरू (पर्सन्स अफ इन्ट्रेस्ट) को सूची बनाउने, तिनमाथि निगरानी बढाउने र तिनको आक्रमण क्षमता (जस्तै, साना हतियारको पहुँच) घटाउने कामले भीआईपी सुरक्षालाई एकीकृत र मितव्ययी बनाउँछ । भीआईपीको सुरक्षालाई खर्चमैत्री र लक्ष्यकेन्द्रित बनाउने काम सुरक्षाकर्मीको संख्या होइन, कार्यविधिको गुणस्तरले निर्धारण गर्छ । खटिने सुरक्षाकर्मीको संख्या नियमसंगत बनाउँदा जनप्रिय बन्न सकिएला, तर दीर्घप्रभावी बन्नचाहिँ सुरक्षाको पद्धति नै सुधार्नुपर्छ ।सभार इकान्तिपुर

## वीरगंज.......

त्यही समय मैं विद्यालय खुल्ने आज एक विज्ञप्ति जारी गरी पालिकाको जानकारी गराएको छ। केही दिन यता चिसो तथा शितलहर लगातार बढीरहेको छ। चिसो मौसमका कारण बालबालिकाहरुलाई पठनपाठनमा कठीनाई हुनुका साथै विद्यालय आवतजावतमा पनि असहज हुने अवस्थालाई मध्यनजर गर्दै विदाको अवधी थपिएको महानगर प्रमुख राजेशमान सिंहले बताए ।

## कमिशनको...

**, जोड्नुपर्नेमा १२ भाग बालुवा मिसाएर , ४ भागको एक भाग रड लगाएर निर्माण काम गरिरहेको गुनासो पोखे ।**

**छठ पुजाको लागि मधेश प्रदेश समाजिक मन्त्रालयबाट निर्माण भईरहेको भ्याङ ढलानको सेन्ट्रिङ खोल्ने क्रममा दुर्घटना भएको स्थानियहरुले बताएका छन् ।**

**जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार भर्याङ खस्दा तीन जना च्यापिएकोमा बहुदरमाई नगरपालिका वडा नं. भौराटार ५ निवासी २१ बर्षिय राजबाबु महत्तो धानुकको मृत्यु भएको छ भने घाइते हुनेहरुमा बहुदरमाई नगरपालिका वडा नं.५ भौराटोल बस्ने २१ बर्षिय राजा मण्डल र बहुदरमाई नगरपालिका वडा नं.५ पटनी बस्ने ३५ बर्षिय अमर महतो रहेका छन् ।**

**घाइतेहरुको बीरगन्जको नारायणी अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । घटनाको थप अनुसन्धानको लागि ईलाका प्रहरी कार्यालय पोखरियाको प्रहरी निरिक्षक आयुष जोशीको टोलीलाई घटना स्थलमा पठाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डिएसपी दिपक गिरीले बताए ।**

**स्थानिय उपभोक्ता समिति मार्फत ठेकदारसंग कमिसनको खेलमा निर्माण भइरहेको सो छठ घाटको भर्याङ खसेको भन्दै घटनाको सत्य तथ्य छानविन हुनु पर्ने तथा पिडित परिवारलाई उचित राहत उपलब्ध गराउनु पर्ने स्थानियहरुले माग गरेका छन् ।**

**हिजो भएको घटनाको पूर्ण छानविन हुनु जरुरी छ ? उक्त निर्माण कार्यको स्टिमेट के छ? स्टिमेट बमोजिम छड, सिमेन्ट प्रयोग गरिएको छ कि छैन ?**

**निर्माण गर्ने पक्षले सावधानी अपनाएको थियो कि थिएन ? अनुगमन गर्नेले के हेरेका थिए ? सबै कुराको जाँचबुझ गरी दोषीलाई कर्तव्य ज्यान अन्तर्गत कार्यवाही हुनु पर्ने ?**

**साथै उक्त नगरपालिका भित्र निर्माण भईरहेका अन्य संरचनाहरुको यथा सिघ्र अनुगमन गरि बेलामा नै कमसल सामग्रीबाट निर्माण भइरहेको कार्यलाई रोक्नु पर्ने ? यो संरचना यदि विद्यालय भएको भए के हुने थियो ?**

**यो प्रदेशको योजना हो भनेर नगरपालिकालाई पनि उम्किन पाउदैन ? यो घटनाको जिम्मेवारी सबै सरोकारवालाले लिनु पर्ने ? गाउँबासीहरुले मांग गरेका छन् ।**

**यस विषयमा प्राबिधिक टोलीका साह संग कुरा गर्दा यसको विषयमा हामीलाई केही जानकारी नभएको गैर पूर्ण रुपमा जवाब फर्काए । हाम्रो स्तीमेंटमा ७ फिटको भर्याङ निर्माण गर्नु परेमा उपभोक्ता समितिले १० फिटको आफै खुशी भर्याङ निर्माण गरिरहेको बताए ।**

**उपभोक्ता समितिका हामीसँग बिना समन्वय गरी आफनै तालमा काम काज गरेको बताए ।**

## प्रचण्ड..

। पाँच सदस्यीय वार्ता टोलीमा महासचिव देव गुरुङ र उपमहासचिवहरु गिरिराजमणि पोखरेल, जनार्दन शर्मा र शक्ति बस्नेत सदस्य छन् ।

## जुम्लामा.....

चामल बोकेर ल्याएका थिए । १ सय ६० रुपैयाँमा प्रतिकिलो चामल बिकेपछि उत्साहित हुँदै घर फर्केका देवकोटा अहिले गाउँमा कागुनो खेतीको बारेमा हरेक किसानसँग विमर्श गरिरहन्छन् ।देवकोटाले भने, 'जुम्लामा सबैभन्दा कम उत्पादन हुने भनेकै कागुनो हो । तर कागुनोको चामल त बजारमा लैजान निकै सहज देखियो । माग पनि अत्यधिक छ ।' छिता र नन्दप्रसाद उदारहण मात्र हुन् । उनी जस्ता दर्जनौं किसान कोसेली घरमा कागुनोको चामल बेच्न आइरहन्छन् । जिल्लाको तातोपानी, पातारासी, गुठीचौर र चन्दननाथ नगरपालिकाबाट कागुनोको चामल सदरमुकाम खलंगा आइपुग्छ । छिताले कागुनोको चामल बेचेको रकमले बालबालिकाको कापी कलम किनेको सुनाइन् ।उनले भनिन्,'गाउँमा कागुनो लगाउने चलन छैन । नापनाप ( थोरैथोरै) लगाउछौं । त्यही पनि बढी मूल्यमा बेच्न पाउँदा खुसी नै छौं । रैथानेबालीको कोसेली घरका सञ्चालक गोविन्द आचार्यले किसानले ल्याएको कागुनोको चामल क्षणभरमै बिक्री हुने गरेको बताए । उनले भने, 'कागुनोको उत्पादन कम छ तर माग अधिक छ । कागुनोको चामलको माग अनुसार पठाउन सकिएको छैन ।'

गत वर्ष आचार्यले ७ क्विन्टल कागुनोको चामल बेचे । पोखरा, काठमाडौं, कपिलवस्तुसम्म पुऱ्याए । कागुनोको चामलको माग आइरहन्छ । यताबाट गाडीमा हालेर पठाइदिन्छु,' उनले भने, 'तर उत्पादन निकै कम हुँदा पुऱ्याउन मुस्किल पर्छ ।'

कर्णाली राजमार्गको सञ्चालन हुनुअघि कागुनोको खासै खेती हुँदैनथ्यो । केहीले मात्रै खेती गरिरहेका हुन्थे । न उतिबेला बजारमा कागुनोको चामलको माग हुन्थ्यो नत किसानले प्राथमिकतामा राखेर खेती नै गरिरहेका हुन्थे । कागुनो जुम्ली किसानको रोजाइमा पर्न सकेको थिएन ।आचार्यले भने, 'अब गाउँगाउँमा विद्युत् जडान भइसकेको छ । कुटानी पिसानीको लागि मिल स्थापना हुन सकेको खण्डमा कागुनोको खेती बढ्न सक्छ । किनकि राम्रो कुटानी पिसानी ओखल नहुँदा किसान कागुनो खेतीप्रति आकर्षित छैनन् ।'गत मंसिरमा चितवन जिल्लादेखि १५ क्विन्टल कागुनोको चामल पठाउन आग्रह आयो । तर पुऱ्याउन सकिएन । किसानले बजारसम्म ल्याइसकेका थिएनन् । आचार्यले भने, 'किसानले ल्याइदिएको खण्डमा पठाइदिने सर्तमा कुरा गरेको छु ।' उनका अनुसार सुर्खेत र काठमाडौंबाट फाट्टफुट्ट कागुनोको चामलको माग आइरहेको छ ।कर्णाली राजमार्ग हुँदै रारा घुम्न आउने पर्यटकले कागुनोको चामल खोजीखोजी लैजान्छन् । विदेशी पर्यटकले समेत कागुनोको चामल लैजाने गरेको चन्दननान बहुद्देश्यीय सहकारी संस्थाका प्रबन्धक कृषिराम पाण्डेले बताए । उनले भने, 'पर्यटकको रोजाइमा कागुनोको चामल तीव्र छ । तर किसानले झन्झटिलो बन्दै कागुनो खेती गरिरहेका छैनन् ।' चिनो कागुनो कुट्ने मेसिन उपलब्ध नहुँदा किसानले खेतीसमेत गर्दैनन् । जसकारण बाहिर जिल्लाबाट आउने कागुनो चामलको माग धान्न सकिएको छैन ।कृषि अनुसन्धान केन्द्रका वैज्ञानिक रामबहादुर भुजेल संयोजकत्वको टोलीले २०६९ सालमा जुम्लामा कागुनो खेतीको बारेमा अनुसन्धान गरेको थियो

# पर्साको जगरनाथपुर गाउँपालिकामा लोकसेवा आयोगको निःशुल्क तयारी कक्षा



**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिका मा आज देखि नि शुल्क लोकसेवाआयोग को त्यारी कलास संचालन गरेको छ।जगरनाथपुर गाउँपालिका ले आफ्नै सभा हल मा आयोजना गरेको निशुल्क लोगसेवा आयोग को त्यारी कक्षा लाई एक कार्यक्रम का बिच प्रमुख अतिथी रहनु भएका गाउँपालिका अध्यक्ष श्रीकान्त यादव ले उदघाटन गर्नु भएको थियो। उदघाटन कार्यक्रम मा बोल्दै गापा अध्यक्ष यादव ले भने लोकसेवा आयोग को त्यारी को लागि अब बाहिर जानू पर्दैन ।

अब आफ्नै गाउँ ठाउँ मा नायब सुब्बा ,खरदार, नेपाल प्रहरी को लागि लोकसेवा आयोग को त्यारी गरि नेपाल मा जागिर खुले पछी लोकसेवा मा नाउँ निकाले र गाउँपालिका को नाउँ रोसन गर्नु पर्नेमा जोड दिनु। गाउँपालिका का बिधार्थी भाइ बहिनी हरु ले पढे लिखेर घरमा नै बसेका छन।

कतिपै बिधार्थी भाइ बहिनी हरु ले बिरगंज ,हेटौडा , काठमाडौ लगायत को शहरमा महंगो खर्चमा लोकसेवा आयोग कक्षा को त्यारी गरिरहेका छन। त्यसै को मध्यनजर गरि गाउँपालिका बाट निशुल्क लोकसेवा आयोग को त्यारी आफ्नै गाउँ ठाउँ मा गराउनु परेको गापा अध्यक्ष यादव ले बताए ।

आउने दिनमा पनि उच्च शिक्षा लगायत निशुल्क लोकसेवा आयोग त्यारी कक्षा संचालन मा ल्याउने अध्यक्ष यादव ले उदघोष गरे।

निशुल्क लोकसेवा आयोग त्यारि कक्षा उदघाटन कार्यक्रम मा बागमती प्रदेश का यातायात मान्त्रालय का सचिव सुरेश राउत,गाउँपालिका प्रमुख प्रसाशकिय अधिकृत कृष्णनन्दन राय, लोकसेवा आयोग त्यारी कक्षा संचालन प्रशिक्षक रास्ट्र बैंक का अधिकृत नरेश सरार्फ, लगायतको सहभागिता रहेको थियो।

लोक सेवा आयोग को त्यारी कक्षामा ७३ जना सहभागी हरु रहेको थियो। लोकसेवा आयोग कक्षा संचालन सक्सेश स्किल डेभलपमेन्ट फर्म बिरगंज ले जिम्मेवारी लिएको र निशुल्क लोकसेवा आयोग को कक्षा संचालन ४५ दिन सम्म चलने आयोजक ले जनाएका छन।

# बृहत बाम एकताका लागि माओवादीले बनायो कार्यदल

२३ पुस, काठमाडौं । नेकपा माओवादी केन्द्रले वामपन्थी एकताको लागि पाँच सदस्यीय कार्यदल बनाएको छ ।

एउटै चुनाव चिह्नमा चुनाव लडेका नेपाल समाजवादी पार्टी (नेसपा) र माओवादीबीच पार्टी एकताको पहल भइरहेको छ ।

साथसाथै नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले पनि 'विचार मिल्नेहरुसँग पार्टी एकता गर्न' भन्दै कार्यदल बनाएको छ । यही बेला माओवादीले पनि उपाध्यक्ष कृष्णबहादुर महराको नेतृत्वमा कार्यदल बनाएको हो ।



कार्यदलमा महासचिव देव गुरुङ, उपमहासचिवहरु गिरिराजमणि पोखरेल, जनार्दन शर्मा र शक्ति बस्नेत सदस्य छन् । कार्यदलले बृहत वाम एकताको पहल गर्ने कार्यदल संयोजक महराले बताएका छन् ।

# गौर नरसंहार घटनामा अध्यक्ष यादव सहितलाई अनुसन्धान गर्न सरकारलाई मानव अधिकार आयोगले दियो निर्देशन



वीरगन्ज।१६ वर्ष अगाडि गौरमा भएको नरसंहारको बिषयमा अनुसन्धान गरि मुद्धा चलाउन राष्ट्रीय मानव अधिकार आयोगले नेपाल सरकारलाई सिफारिश दिएको छ ।

मानव अधिकार आयोगको पुस १९ गते बसेको बैठकले तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष हाल जनता समाजवादी पार्टीका अध्यक्ष रहेका उपेन्द्र यादव १३० जनामाथि अनुसन्धान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरेको हो ।

आयोगले अहिले नेकपा एमालेको तर्फबाट रौतहटको निर्वाचन क्षेत्र नं-१ का प्रत्याशी अजय गुप्ता ,गौरीशंकर यादव,बाबुलाल साह ,जगन्नाथ केशरी,बबन सिंह,भाग्यनारायण साह,शम्भु साह कानु लगायत १ सय ३० जनामाथि अनुसन्धान गर्द आयोगले सिफारिश गरेको हो ।

आयोगको निर्णयमा भनिएको छ, उल्लेखित व्यक्तिहरु उपर तत्काल अनुसन्धान तहकीकात गरी दोषी देखिएका व्यक्तिहरु उपर अभियोग दर्ता गराउने कार्य गरी सो को जानकारी यस आयोगलाई गराउन र प्रत्येक तीन तीन महीनामा आयोग समक्ष प्रगति प्रतिवेदन पठाउनु।

२०६३ चैत ७ गते रौतहटको गौरमा तत्कालीन नेकपा )माओवादी) र मधेशी जनअधिकार फोरमले आमसभाको आयोजना गरेका थिए। दुवै पार्टीले आमसभा आयोजना गरेपछि झडप भएको थियो।

झडपका क्रममा माओवादीका २७ जना कार्यकर्ताको ज्यान गएको थियो। झडपमा ११५ जना घाइते भएका थिए।

मृतका आफन्तले घटनामा संलग्न रहेका व्यक्तिहरु विरुद्ध प्रहरीमा उजुरी दिएको थियो। त्यस्तै, सरकारले पनि छानबिन आयोग गठन गरेको थियो। आयोग प्रतिवेदन पनि बुझाएको थियो।

तर, १६ वर्ष बितिसक्दा पनि दोषीमाथि कारबाही हुन नसकेको जनाउँदै मानव अधिकार आयोगले पीडित परिवारलाई न्याय दिन सरकारलाई निर्देशन दिएको हो।

आयोगले पीडित परिवारले किटानी जाहेरी दिएका ६६ जना र सरकारले गठन गरेको आयोगले दोषी ठहर गरेका ६४ गरी १३० जनामाथि अनुसन्धान गर्न सिफारिश गरेको हो।

यससँगै आयोगले पीडित परिवारलाई जनही तीन लाख क्षतिपूर्ति दिन पनि सिफारिश गरेको छ। त्यस्तै, घाइतेहरुलाई उपचार गर्न र आफैले उपचार गरेको भए उनीहरुलाई उपचारमा लागेको खर्च दिन पनि सिफारिश गरेको छ।

# पर्सा प्रहरीका थुनुवाको लागि समाजसेवी रूंगटाद्वारा न्यानो कम्बल सहयोग

वीरगञ्ज, २३ पुष । जिल्ला प्रहरी कार्यालय पर्साका थुनुवालाई न्यानो कम्बल वितरण गरिएको छ। केही दिन यता बढ्दै गएको शितलहर तथा चिसोलाई मध्यनजर गर्दै जिल्ला प्रहरी कार्यालय पर्साका थुनुवाको लागि ग्रिनसिटी सामुदायिक सेवा केन्द्रमार्फत २० थान कम्बल उपलब्ध गराइएको हो । सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको पहलमा समाजसेवी मुरलीधर रुंगटाले जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कोमल बिक्रम शाहलाई हस्तान्तरण गरेका हुन् ।




समाजसेवी मुरलीधर रुंगटा, व्यवसायी शिव रुंगटा, आकाश रुंगटा लगायतले प्रहरी उपरीक्षक शाहसँगै प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दिपक गिरीलाई २० थान कम्बल हस्तान्तरण गरेका हुन् ।

जिल्ला प्रहरी कार्यालयमा २० थानसँगै विभिन्न स्थानमा पुगेर १ सय थान कम्बल वितरण गरिएको केन्द्रका अध्यक्ष खेतानले जानकारी दिए । खेतानका अनुसार बढ्दै गएको चिसोबाट प्रभावित भएका अशक्त, अति विपन्न एवम् सडक आश्रीतहरुलाई १ सय थान कम्बल वितरण गरिएको हो ।

# देउवालाई ओलीको प्रश्न- ह्वेन विल यू कम ब्याक?

काठमाडौं, पुस २३
नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापतिलाई सत्तामा कहिले आउने भन्दै प्रश्न गरेका छन्।

शनिबार आयोजित कार्यक्रममा बोल्दै उनले अहिलेको सरकारलाई असफल पार्ने प्रयास गरिरहेको बताएका हुन्। त्यही क्रममा उनले देउवालाई सोधे- ह्वेन विल यू कम ब्याक?केही दिन अघि नेपाली कांग्रेसले समसमायिक विषयमा पत्रकार सम्मेलन गरेको थियो। पत्रकार सम्मेलनमा प्रवक्ता प्रकाशशरण महतलाई पत्रकारहरूले गठबन्धन टुट्नुमा सभापति देउवाको भनाइ के छ भनेर सोधेका थिए। त्यसमा जवाफ दिँदै प्रवक्ता महतले भने, 'विश्वासमा गठबन्धन अघि बढ्ने हो। तर कहिलेकाहीँ आँकलन गरेजस्तो हुँदैन। तर केही छैन, बिचलित हुनुपर्ने अवस्था छैन। वी विल कम ब्याक भनेर उहाँले भन्नुहुन्छ। हामी फेरि सशक्त रूपमा अघि बढ्छौं भनेरै उहाँको हौसलापूर्ण कुरा नै छ।'यही कुरालाई लक्षित गरी ओलीले भने, 'कांग्रेसका सभापति शेरबहादुर देउवाजीले वी विल कम ब्याक भन्नुभयो। बट ही डिडन्ट टक ह्वेन (तर उहाँले कहिले भनेर भन्नुभएन।) ह्वेन विल यू कम ब्याक? (कहिले फर्किनुहुन्छ?)'देउवाले पुस २६ गते नै सत्तामा फर्किने संकेत गरेको पनि बताए। यसका लागि विभिन्न दलका शीर्ष नेताहरूलाई पनि प्रधानमन्त्री बाँडिरहेको बताए। पुस २६ गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसदमा विश्वासको मत लिँदैछन्। 'अहिले उहाँहरू यस्तो खुद्रा खेल खेलिरहनुभएको छ।



पार्टीहरूमा बाँडिरहनुभएको छ प्रधानमन्त्री। एउटा पार्टीको अध्यक्षलाई बोलाएर प्रधानमन्त्री तिमी नै हौ भनेछन्,' उनले भने, 'यो संविधानको धारा ७६को (२) को सरकारले विश्वासको मत प्राप्त गरेन भने अर्को कुनै विकल्पमा जाँदै जाँदैन, स्वतह संविधानको धारा ७६ को (३)को सबैभन्दा ठूलो पार्टीको नेताले प्रधानमन्त्री पाउँछ।'प्रतिनिधि सभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेस छ। यसरी विश्वासको मत नदिएर सत्तामा जाने प्रयास गरिरहेको उनले बताएका हुन्। नेपाली कांग्रेसले नेकपा एमालेलाई पनि छक्याएर सरकारमा जान खोजेको बताएका छनरु। सरकार निर्माण गर्न राष्ट्रपति विद्यादेवी भण्डारीले ५ बजे सम्मको समय दिँदा छक्याउन खोजेको बताए। 'नेपाली कांग्रेसले हामीलाई त थाङ्नामा सुताउन खोज्छन्। आऊ न यहाँ बसेर छलफल गरौं। ५ बजाऔं। ५ बजाएपछि म प्रधानमन्त्री भइहाल्छु तिमीहरू हेऱ्याहेर्याइ गरौला नी भनेर हामीलाई त छक्याउन खोज्छ,' उनले भने।

# कार्यदलले शीर्ष नेतालाई बुझायो न्यूनतम साझा कार्यक्रमको मस्यौदा



काठमाडौं । सरकारको न्यूनतम साझा कार्यक्रम निर्माणका लागि गठित समितिले उच्चस्तरीय संयन्त्रलाई न्यूनतम साझा कार्यक्रमको मस्यौदा बुझाएको छ ।

शनिबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा कार्यदलका संयोजक उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले उच्चस्तरीय संयन्त्रका संयोजक नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई न्यूनतम साझा कार्यक्रमको मस्यौदा बुझाएको हो ।

न्यूनतम साझा कार्यक्रमको मस्यौदा गर्न गठित समितिमा उपप्रधानमन्त्री पौडेल, माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन, राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री डा. मुकुल ढकाल, राप्रपाका महामन्त्री धवलशम्शेर राणा, जसपाका नेता रकम चेम्जोङ सदस्य छन् ।

# जुम्लामा कागुनोको माग बढ्दो

डीबी बुढाजुम्ला – गत साता जुम्ला चन्दननाथ नगरपालिका ८ तलिउमकी छिता बोहोरा १० किलो कागुनोको चामल बोकेर सदरमुकाम खलंगा पुगिन् । उनलाई घरबाट हिँड्दा कागुनोको चामल बिक्दैन कि भन्ने चिन्ता लागेको थियो । तर सदरमुकाममा खोलिएको कोसेली घरले सजिलै किनिदियो । उनले प्रतिकिलो १ सय ६० रुपैयाँमा कागुनोको चामल बेचेर एक हजार ६ सय रुपैयाँ बुझिन् । 'हामी कोदोलाई हेलाको बाली ठान्छौं । तर यो बालीबाट प्रशोधित चामलको मूल्य त निकै बढिरहेछ ।' यसपछि उनले आगामी दिनमा कागुनोको व्यवसायिक खेती गर्ने योजना बनाएकी छन् ।जुम्ला गुठीचौर ५ का नन्दप्रसाद देवकोटालाई कागुनो बाली खेतबारीमा लगाउन निकै रहर लाग्छ । कागुनोको गुण र दोष के हुन्छ ? भन्ने त थाहा हुँदैन तर उनी हरेक वर्ष एउटा बारीमा कागुनो लगाइरहन्छन् । कागुनोको चामलबाट भात र अन्य परिकार बन्छ । निकै कम महत्वका साथ लगाएको कागुनोबाट चामल निकालेर सदरमुकाम खलंगा पुऱ्याएपछि मात्र उनले थाहा पाए,'कागुनो त बहुमुल्य बाली रहेछ ।' उनले पहिलो पटक ५ केजी कागुनोको

**बाँकी तेश्रो पृष्ठमा**